# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ३ संख्याः ५ मितिः २०७७/११/१६

## भाग–२

**बालकोष संञ्चालन कार्यविधि,२०७७**

स्वीकृत मिति:२०७७।११।१०

प्रमाणिकरण मितिः २०७७।११।१६

# बालकोष संञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः२०७७।११।१०

प्रमाणिकरण मितिः २०७७।११।१६

प्रस्तावनाः

बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नेपाल सरकारले समय समयमा जारी गर्ने निर्देशिका तथा मापदण्ड समेतका आधारमा सञ्चालन हुने बालबालिका सम्बन्धी क्रियाकलाप सञ्चालनका लागि बालकोष स्थापना गरी सञ्चालन गर्न बाञ्छनीय भएकोले बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरि लागू गरेको छ ।

**१. संक्षिप्त नाम प्रारम्भ** : (१) यो कार्यविधिको नाम " **बालकोष संञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यालय " भन्नाले बनेपा नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख "कोष " भन्नाले नियम ३ बमोजिमको बाल कोष सम्झनुपर्छ ।

(ग) "नगरपालिका " भन्नाले बनेपा नगरपालिका सम्झनु पर्छ ।

(घ) "ऐन भन्नाले" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५सम्झनु पर्दछ ।

(ङ) "बालबालिका " भन्नाले अठार वर्ष उमेर नपुगेको व्यक्ति सम्झनुपर्छ ।

(च) "स्थानीय बाल अधिकार समिति" भन्नाले दफा ७ बमोजिम नगरपालिकामा गठन हुने स्थानीय समिति सम्झनु पर्छ

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले बनेपा नगरपालिकाको कार्यपालिकाबाट भएको निर्णय सम्झनु पर्दछ ।

**३. बालकोषको स्थापना :** (१) बनेपा नगरपालिकाबाट बालकोष नामको एक कोषको स्थापना गरिने छ । त्यस्तो कोषमा देहाय बमोजिमको रकम रहने छ ।

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

तर यसरी विदेशी सरकार, अन्तराष्ट्रिय संघसंस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिएको हुनुपर्ने छ ।

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम गठन हुने कोषमा बनेपा नगरपालिका क्षेत्रभित्र यस अगावै विभिन्न वडामा स्थापना भएका गाउँ बाल अधिकार संरक्षण तथा प्रबर्धन कोषमा रहेका रकम समेत यो कार्यविधि जारी भएका मितिले तीस दिनभित्र यसै कार्यविधि बमोजिम स्थापित बालकोषमा स्थानान्तरण गरी जम्मा गरिने छ ।

४. **कोषमा रकम जम्मा गर्नुपर्ने दायित्व** :- (१) यस कार्यविधि बमोजिम स्थापना हुने कोषमा वार्षिक रुपमा उपयुक्त रकम जम्मा गर्ने दायित्व नगरपालिकामा रहने छ ।

(२) सम्बन्धित वडा कार्यालयले दफा ३ को उपदफा (२) बमोजिमको कोषको रकम यस कार्यविधि बमोजिम सञ्चालनमा आउने कोषमा जम्मा गराउनु पर्नेछ । यस उपदफा बमोजिम कोषमा रकम जम्मा गर्न गराउन दफा ७ बमोजिमको समितिले आवश्यक समन्वय र सहजिकरण गर्नेछ ।

५. **कोषको उपयोग** : (१) बालकोषमा जम्मा भएको रकम देहाय बमोजिमको काममा खर्च गरिने छ ।

(क) तत्काल उद्वार गर्न,

(ख) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न ।

(ङ) पुर्नस्थापना गराउन,

(च) बाल संरक्षण, बाल बचाउ, बाल विकास र बाल सहभागितात्मक कार्यक्रम सञ्चालन गर्न, र

(छ) पीडितको लागि स्थानीय समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय बालअधिकार समितिले लैङ्गिकहिंसाबाट पीडित बालबालिका तथा लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्ने छ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : (१) कोषको रकम कार्यविधिको दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय बाल अधिकार समितिको सचिवालय तथा बैठक संञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. **स्थानीय बाल अधिकार समिति : (१)** यस कार्यविधि बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्न देहाय बमोजिमको स्थानीय बाल अधिकार समिति रहने छ ।

(क) उपप्रमुख, बनेपा नगरपालिका - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, बनेपा नगरपालिका - सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय, बनेपा - सदस्य

(घ) प्रमुख, कानून शाखा, बनेपा नगरपालिका - सदस्य

(ङ) बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको तर्फबाट समितिले मनोनित गरेको एक जना प्रतिनिधी- सदस्य

(च) स्थानीय स्तरमा उपलब्ध बाल चिकित्सक वा बाल मनोवैज्ञानिक मध्ये समितिले मनोनित गरेको एक जना- सदस्य

(छ) नगर क्षेत्रभित्रका विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये समितिले मनोनित गरेको एकजना शिक्षक- सदस्य

(ज) बाल नगर सञ्जालको प्रमुख वा प्रतिनिधि- सदस्य

(झ) प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, बनेपा नगरपालिका – सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ),(च),(छ) र (ज) बमोजिमको सदस्यको पदावधि मनोनित भएका मितिले २ वर्षको हुनेछ ।

(३) स्थानीय बाल अधिकार समितिको सचिवालय बनेपा नगरपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा रहने छ ।

(४) स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले राष्ट्रिय बाल अधिकार परिषद तथा प्रदेश बाल अधिकार समितिसँग समन्वय गरी काम गर्नु पर्नेछ ।

८. **स्थानीय बाल अधिकार समितिको काम कर्तव्य अधिकार** : स्थानीय बाल अधिकार समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बालहिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, बागमती प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने ।

(ख) पीडितलाई बाल अधिकार र आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) कोषको वृद्धका लागि उपयुक्त स्रोतहरुको खोजी गरी स्रोत जुटाउने ।

(घ) बाल अधिकार र आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमनगर्ने गराउने ।

(ङ) बनेपा नगरपालिकामा बाल अधिकार संरक्षणको क्षेत्रमा कार्यरत विभिन्न सघं, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) बाल अधिकार हनन् हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) कोष वृद्दिको लागि स्रोतको खोजि गर्ने ।

(ज) बाल अधिकार संरक्षण सम्बन्धी अन्य काम गर्ने गराउने ।

(झ) पिडीत तथा अन्य बालबालिकाहरुको बाल अधिकारको सुनिश्चितताको प्रबन्ध मिलाउने ।

९. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) हिंसा पीडित बालबालिकालाई तत्काल उद्धार गर्न सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजानिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा तीन हजार पाँचसय रुपैयाँ,

(ख) हिंसा पीडित बालबालिकालाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा, अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीनसय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर

बस्नु परेमा बढीमा  पाँच दिनको बसोबास खर्च बापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च र पीडितसँग आश्रित बालबच्चा भए त्यस्ता बालबच्चाका लागि सोही दरमा खाना खर्च,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दुई हजार पाँचसय रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

(ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) स्थानीय बाल अधिकार समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पाँच हजार रुपैयाँ सम्म ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने बालबालिका वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई स्थानीय बाल अधिकार समितिमा अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा स्थानीय बाल अधिकार  समितिले नियम ९ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

**११. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस  कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि जलाईएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडित बालबालिकालाई उद्वार, औषधी उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षती हुने देखिएमा र स्थानीय बाल अधिकार  समितिको बैठक तत्काल बस्ने अवस्था नरहेमा स्थानीय बाल अधिकार  समितिको संयोजकले आवश्यकता र औचित्यताका आधारमा मनासिब रकम कोषबाट पीडित बालबालिकालाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी स्थानीय बाल अधिकार समितिको संयोजकले पीडितलाई  रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने स्थानीय बाल अधिकार समितिको बैठकबाट सो विषय अनुमोदन गराउनु पर्ने छ ।

**१२. छुट्टै खाता खोल्नुपर्ने :**

(१) नगरपालिकाले दफा ३ बमोजिम प्राप्त भएको रकम मान्यता प्राप्त बैंकमा स्थानीय बाल कोषको नाममा छुट्टै खाता खोलि जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता बनेपा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**१३. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय ब्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१४. आवर्तित (रिभल्भिङ) कोष :** यस कार्यविधि बमोजिम खोलिएको कोष आवर्तित (रिभल्भिङ) कोषको रुपमा रहनेछ ।

**१५. प्रतिवेदन पेश गर्ने :** (१) स्थानीय बाल अधिकार  समितिले सो समितिबाट भए गरेका काम  कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगर कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यपालिकाले नगरपालिकाको कार्यालय माफर्त प्रतिवेदन सार्वजनिक गर्न

सक्नेछ ।

१६. **बैठक भत्ता :** समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

१७. **निर्देशन दिन सक्ने :** नगरपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१८. **कार्यविधिमा संशोधन :** नगरपालिकाले आश्यकता अनुसार स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कार्यविधिमा संशोधन वा थपघट गर्न सक्नेछ ।

## अनुसूचि १

(दफा १० को उपदफा (१) सँग सम्बन्धित )

**विषय : सहयोग उपलब्ध गराई पाउँ ।**

श्री संयोजकज्यू

स्थानीय बाल अधिकार समिति

बनेपा नगरपालिका ।

म बनेपा नगरपालिका वडा नं. .. बस्ने वर्ष...... को ... ... ... .... .... .. मिति ... ... ... ... ....मा हिंसा बाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर हिंसा( ... ... ... ... ..... ... ... )भएको कारणले मेरो मानसिक /शारीरिक/समाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार /कानूनी सहायता एवं परामर्श /उद्धार/मनोविमर्श/ स्वरोजगार/पुर्नस्थापना/अन्य ( ...................... ) कामको लागी सहयोगको आवश्यकता परेको हुँदा बाल कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको

नाम थर ..........................

ठेगाना ............................

सम्पर्क नं.... ... ... ...

दस्तखत ...........................

मिति ...............................

आज्ञाले

कविराज उप्रेती

प्रमुख प्रशासकीय अधिकृत